मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २६ गते बुधवार (Wednesday, 8 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

लागूऔषधसहित तीन जना पक्राउ

बिर्तामोड, वैशाख २५। धरान उपमहानगरपालिका-२० विष्णुपादुकाबाट अवैध लागूऔषध गाँजासहित एक व्यक्ति पक्राउ परेका छन् । करिब ४ किलो ५ सय ग्राम गाँजासहित धनकुटा साँगुरीगढी गाउँपालिका-८ बस्ने २४ वर्षीय दीपक मुडेललाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

अस्थायी प्रहरी पोष्ट विष्णुपादुकाबाट खटिएको प्रहरीले धनकुटाबाट धरानतर्फ जाँदै गरेको को.१ ज २१७८ नम्बरको बोलेरोलाई जाँच गर्ने क्रममा बोलेरोमा सवार उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

उता मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा करिब ५ किलोसहित

(बाँकी अन्तिम पृष्ठमा)

बेथितिबिरूद्ध विप्लव माओवादी

झापाका ५ निर्वाचन क्षेत्रमा खटिए कमाण्डर

बिर्तामोड, वैशाख २५। नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले बेथितिबिरुद्ध झापाका सबै स्थानीय तहमा संघर्षका कार्यक्रम अघि सारेको छ ।

बिर्तामोडमा मंगलवार पत्रकार सम्मेलनको आयोजना गर्दै विप्लव माओवादीले विभिन्न १७ बुंदे माग राख्दै संघर्षका कार्यक्रम अघि सारेको हो । पार्टीको चौथो पूर्ण बैठकमा गरिएका निर्णयहरु सार्बजनिक गर्दै झापा इञ्चार्ज सुमनसिंह पौडेल 'सि' ले पार्टीको संरचनालाई पालिकास्तर हुँदै वडा तहसम्म विस्तार गर्दै आफ्ना एजेण्डा र मागहरुलाई अगाडि बढाएर मिसन ०८४ को सट्टा 'मिसन समाजवाद'लाई लिएर जाने धारणा राखे ।

संसदीय व्यवस्थालाई परिमार्जन गर्नका लागि पनि आगामी निर्वाचनमा भाग लिनु पर्ने अवस्था रहेको भन्दै उनले पार्टीले समाजवादलाई मुख्य एजेण्डा बनाएर जनता माझ जाने निर्णय गरेपछि जिम्मेवारी समेत हेरफेर भएको झापा इञ्चार्ज सुमन 'सि'को भनाइ छ ।

निर्वाचनलाई लक्षित गरी झापाका पाँचवटै निर्वाचन क्षेत्रमा पार्टीका कमाण्डरहरु खटाइएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । झापा क्षेत्र नम्बर १ मा अर्जुन पाण्डे 'सि', क्षेत्र नम्बर २ मा सुमन 'सि', झापा क्षेत्र नम्बर ३ मा हुकुम 'सि', ४ मा प्रशान्त 'सि' र झापा क्षेत्र नम्बर ५ मा सञ्जय 'सि'लाई जिम्मेवारी दिएको बताइएको छ ।

स्थानीय पालिकाले ल्याउने बजेटमा अनिवार्य समाजवाद उन्मुख हुनुपर्ने, आफूहरुको एजेण्डालाई स्थापित गर्न स्थानीय तहसँग छलफल र वहसलाई अगाडि बढाउने विप्लव माओवादीले जनाएको छ ।

यथास्थितिमा समाज रुपान्तरण सम्भव

नरहेको निष्कर्ष निकाल्दै विप्लव माओवादीले सबै राजनीतिक दललाई जनमत संग्रहमा जान समेत आग्रह गरेको छ । लघुवित्त, मिटरव्याजी तथा चर्को बैंक व्याजदरबिरुद्ध पार्टीले सञ्चालन गरेको संघर्षलाई थप व्यवस्थित र सशक्त बनाउने पत्रकार सम्मेलनमा बताइयो ।

एमसीसी, एसपीपी तथा अन्य राष्ट्रघाती योजनाबिरुद्धका संघर्षलाई जारी राख्दै बालबालिका महिला तथा दलितमाथि हुने हिंसा र अत्याचार विरुद्ध कडा कारवाही हुने चेतावनी समेत दिइएको छ ।

लागू औषधको कारोवार बढेको भन्दै त्यस विरुद्धसमेत कडारुपमा प्रस्तुत हुने जनाएको विप्लव माओवादीले क्यासिनोमा नेपालीको प्रवेश, कालाबजारी, तस्करी, जुवाडे लगायत ठगीविरुद्ध राज्यका प्रशासनिक निकायसँग सहकार्यको प्रयत्न गर्दै जनसुरक्षाका कामलाई चुस्त र दुरुस्त रुपमा अगाडि बढाउन युवा परिचालन गर्ने झापा इञ्चार्ज सुमन 'सि' को भनाइ छ ।

स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका जनसरोकारसँग सम्बन्धित विषयमा राज्यका निकायसँग सहकार्य गर्दै अगाडि बढ्ने जनाएको विप्लव माओवादीले झापाका सबै निर्बाचन क्षेत्रमा कृषिजन्य उत्पादनका कामहरु अगाडि बढाउने जनाएको छ ।

किसानहरुसँग सहकार्य गर्दै आफ्ना नेता तथा कार्यकर्तालाई आय आर्जन हुने उत्पादन मूलक काममा जोड्ने विप्लव माओवादीले जनाएको छ । समाजवादी संघीयताबाट पहिचानसाथै अधिकार प्राप्त गर्न सकिने निष्कर्ष निकालेको विप्लव माओवादीले त्यसका लागि समाजवाद स्थापनाको आन्दोलनमा पहिचानवादीहरुलाई सहभागी गराउँदै छलफल, वहस र अन्तरक्रिया गर्ने जनाएको छ । पहिचानको मुद्दालाई पुँजीवादको षड्यन्त्र र कब्जाबाट बचाउँदै समाजवादी आन्दोलनमा जोड्ने जनाइएको छ ।

पालिका र वडामा चार मित्र शक्ति कम्युनिष्ट, समाजवादी, लोकतान्त्रिक गणतन्त्रवादी र देशभक्त, चार मित्र वर्ग मजदुर, किसान, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति वर्ग तथा ६ मित्र समुदाय खस आर्य, जनजाति, मधेसी, श्रमिक समुदाय, मुस्लिम र महिलाहरुको बीचमा नेपालको बर्तमान संकटको समाधानका लागि समाजवाद स्थापनाका लागि व्यापक छलफल र अन्तरक्रिया गर्ने जनाइएको छ ।

देशका अधिकांश जमिन खाली हुँदै गएको र त्यसप्रति नकारात्मकता सृजना गरेर नेपालीलाई पलायन गराउने र विचौलियाहरुले रजाइँ गर्ने रणनीतिका साथ अहिले विभिन्न प्रचारवाजी भएको प्रति विप्लव माओवादीले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विचौलिया पुँजीवादलाई परास्त गर्नका लागि पनि नेपाली समाजवाद आवश्यक रहेको पार्टीका केन्द्रीय समिति सदस्य समेत रहेका सुमन 'सि' को भनाइ छ ।

पत्रकार सम्मेलनमा केही दिन अघि झापाको दमकमा भएको गोली काण्डको विषयमा सुरक्षा निकायले काम गर्न नसकेको भन्दै आलोचना गरिएको छ । गृहमन्त्री रवि लामिछानेले सुरक्षा व्यवस्था चुस्त र दुरुस्त भएको बताएपनि दमकमा विद्यार्थीमाथि दिउँसै गोली प्रहार गर्ने व्यक्तिलाई हालसम्म पक्राउ गर्न नसक्नुले झापामा सुरक्षा व्यवस्था कमजोर रहेको उनको भनाइ छ ।

बुद्धशान्तिबासी बायोग्यासमा आकर्षित

बुद्धशान्ति, वैशाख २५। वडाले अनुदान सहयोगको कार्यक्रम ल्याएपछि झापाको बुद्धशान्ति गाउँपालिका वडा नं -१ का पशुपालक कृषकहरुले बायो ग्यासको प्रयोग बढाएका छन् ।

वडा नं. -१ को दीर्घकालीन योजना अन्तर्गत कृषकलाई वडाबाट १० हजार रूपैंया अनुदान सहुलियत दिए पछि आर्थिक वर्ष २०८०-०८१ मा बायो ग्यास जडानमा कृषक आकर्षित भएका हुन् ।

नागरिकका नवीनतम् आवश्यकता परिपूर्तिका लागि योजनागत रूपमा अघि बढिरहेको बुद्धशान्ति वडा नं -१ ले पशुपालनमा थप हौसला दिंदै ऊर्जाका लागि हुँदै आएको खर्च कटौती पनि हुने र २० बर्ष माथि टिकाउ हुने गोवर ग्यास निर्माणमा प्रति प्लान्ट १० हजार रुपैयाँ अनुदान सहयोग गरेको हो । पशुपालक किसानलाई थप सहुलियत होस् भनेर वडाले गाई भैंसीको एआई सेवामा पनि सहुलियत दिइरहेको छ । कृत्रिम गर्भाधान सेवामा किसानको रु. १ सय र बाँकी ३ सय वडाले सहुलियत दिइरहेको छ ।

वडा कार्यालयको अनुदान रकमको व्यवस्थापन साथै लोककल्याण बायोग्यास कम्पनी र मुनाल बायो ग्यास कम्पनीसँगको सहकार्यमा वडा नं -१ का २९ घरमा गोवर ग्यास प्लान्टहरु स्थापना भएका छन् ।

एक परिवार बरावर वार्षिक रुपमा २० हजारदेखि ३० हजार रुपैयाँको सिलिण्डर ग्यास खपत हुने आंकडा रहेको छ । वडा कार्यालयको सहयोगमा ६ घनको ग्यास प्लान्ट निर्माण भएका छन् । वडा नं.- १ मा १९ सय ६० वटा गाईहरु वडाको सेवा क्षेत्रका कृषकहरुको गोठमा रहेको अध्यक्ष वाग्लेले बताए ।

बायो ग्यास स्थापनाका लागि हाल बुद्धशान्ति गाउँपालिका वडा नं. -१ का कृषकहरूको चासो र उत्साह वढी नै रहेको

(बाँकी अन्तिम पृष्ठमा)

बिदा लिएर निजी स्वास्थ्य संस्थामा नजान निर्देशन

काठमाडौं, वैशाख २५ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई बिदा लिएर निजी स्वास्थ्य संस्थामा काम गर्न नजान निर्देशन दिएको छ ।

स्वास्थ्य मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले प्रतिष्ठान, विभाग, अस्पताल र केन्द्रलाई निर्देशन जारी गर्दै चिकित्सक तथा स्वास्थ्य कर्मीले जुन उद्देश्यका लागि बिदा लिएको हो सोही उद्देश्यअनुसार त्यसको सदुपयोग गर्न आग्रह गरेका छन् । उनले चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई अध्ययन, असाधारण, घर बिदा, बिरामी बिदा, भैपरी आउने र पर्व बिदा जस्ता बिदा लिई निजी संस्था तथा गैरसरकारी संस्थामा गई कार्य गर्नेलाई प्रचलित कानून अनुसार कारबाही गर्ने चेतावनी दिए ।

केही चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीले जुन उद्देश्यका लागि बिदा लिएका हुन् सोही अनुसार बिदा उपयोग नगरी निजी स्वास्थ्य संस्थामा, विदेशी स्वास्थ्य संस्था एवम् गैरसरकारी सङ्ग संस्थामा गई कार्य गरेको जानकारी प्राप्त हुन आएकाले त्यस्ता कार्य नगर्नु, नगराउनु हुन अनुरोध गर्दै आ-आफ्नो पदीय मर्यादा, व्यक्तिगत आचरण एवम् पेशागत अनुशासनमा रही कार्य गर्नुहोला- सचिव बुर्लाकोटीद्वारा जारी निर्देशनमा उल्लेख छ ।

केहीले विदेशमा समेत गई कार्य गरी आफू जिम्मेवार रहेको निकायमा चिकित्सकीय तथा स्वास्थ्य सेवा प्रवाह नगरी गैर जिम्मेवारीपूर्ण कार्य गरेकाले प्रचलित कानून बमोजिम हदैसम्मको कारबाही गरी स्वीकृत गरेको बिदा रद्द गर्न विभिन्न निकाय तथा सेवाग्राहीबाट गुनासो प्राप्त भएको सचिव बुर्लाकोटीले उल्लेख गरेका छन् । नेपाल स्वास्थ्य सेवा ऐन- २०५३ र स्वास्थ्य सेवा नियमावली- २०५५ मा सबै सरकारी कर्मचारीको समय नेपाल सरकारको अधिनमा हुने र बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको उल्लेख गर्दै कर्मचारीले नियमावली अनुसार बिदा लिन पाउने भए पनि जुन उद्देश्यले बिदा लिएको हो सोही प्रयोजनमा उपयोग गर्न उनले आग्रह गरेका छन् ।

बिदाको उद्देश्यविपरीत निजी स्वास्थ्य संस्थामा काम गरेको पाइएमा सम्बन्धित निकायले स्वीकृत गरेको बिदा रद्द हुनुको साथै नेपाल स्वास्थ्य

(बाँकी अन्तिम पृष्ठमा)

६३.२४ प्रतिशतले खाए हात्तीपाइले बिरूद्धको औषधि

उमानाथ भण्डारी

कमल, वैशाख २५। झापामा हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन अभियानको ९ औं दिनसम्म आइपुग्दा ६३ दशमलव २४ प्रतिशत नागरिकले औषधी सेवन गरेका छन् ।

यसरी जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधी सेवन गराउने पालिकाहरूमा बिर्तामोड नगरपालिका सबैभन्दा अगाडि रहेको छ । बिर्तामोडले ९१ दशमलव ७६ प्रतिशत औषधि सेवन गराउन सफल भएको बताइएको छ ।

त्यस्तै कन्काई नगरपालिकाले ८० दशमलव ७३ प्रतिशत औषधि सेवन गराएको छ भने बुद्धशान्ति गाउँपालिकाले ८० दशमलव ४७ प्रतिशत जनतालाई औषधि सेवन गराएको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले

(बाँकी अन्तिम पृष्ठमा)

गायिका मेनुका पौडेलको कृत्रिम आँखा राखियो

काठमाडौं, वैशाख २५। गायिका मेनुका पौडेलको आँखामा 'कस्मेटिक प्रोथेस्टिक' भनिने कृत्रिम आँखा राखिएको छ ।

पौडेलको तिलगंगा आँखा प्रतिष्ठानमा आइतबार कृत्रिम आँखा राखिएको अस्पतालकी वरिष्ठ अकुप्लास्टिक सर्जन डा. पूर्णिमा राजकर्णिकारले जानकारी दिइन् । यो शल्यक्रियाले मेनुकाको दृष्टि चाहिँ फिर्ता नआउने डाक्टर राजकर्णिकारले बताइन् ।

उनले भनिन्- यो शल्यक्रिया मेनुकाको दृष्टि फिर्ता आउने होइन । अहिले चस्मा लगाएर हिँड्नुहुन्छ । अब यो शल्यक्रिया पश्चात चस्मा नलगाइकन पनि उहाँको कन्फिडेन्टमा कमी आउँदैन । उनको आँखा पूर्ण रुपमा निको हुन छ हप्ता लाग्ने डा. राजकर्णिकर बताउँछिन् । भारतमा सञ्चालित टेलिभिजन सो कार्यक्रम इण्डियन आइडलको सिजन १४ मा मेनुकालाई एआई जडित चस्मा प्रदान गरिएको थियो ।

दिनदहाडै विद्यार्थीमाथि गोली प्रहार गर्ने व्यक्ति अझै पक्राउ परेनन्

बिर्तामोड, वैशाख २५। दमकस्थित हिमाली माध्यमिक विद्यालयमा कक्षा १२ को परीक्षा दिएर फर्कंदै गरेकी एनिका अधिकारी गजमेर माथि गोली प्रहार गर्ने व्यक्ति अझै पक्राउ परेका छैनन् ।

१८ वर्षीया गजमेरमाथि गत वैशाख २१ गते दिउँसो साढे १२ बजेको समयमा दमक नगरपालिका वडा नम्बर ५ स्थित ज्येष्ठ नागरिक भवन अगाडि गोली प्रहार भएको थियो । उदयपुरको लिङ्चिङ्वुड गाउँपालिका वडा नम्बर -३ घर भई हाल दमक नगरपालिका ५ स्थित कमल बुढाथोकीको घरमा डेरा गरी बस्दै आएकी एनिका माथि परीक्षा दिएर घर फर्कदै गरेको अवस्थामा गोली प्रहार भएको

(बाँकी अन्तिम पृष्ठमा)

सिकाइ उपलब्धिलाई ध्यानमा राखेर कार्यक्रम सञ्चालन गर्नु : मन्त्रालय

काठमाडौं, वैशाख २५ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चालू आर्थिक वर्षको बाँकी कार्यक्रम सञ्चालन गर्दा विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभावलाई समेत ख्याल गर्ने भएको छ ।

मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकले आगामी दिनमा मन्त्रालय र मन्त्रालयसम्बद्ध निकायले प्रगति विवरण पेश गर्दा खर्च विवरणका साथै प्राप्त नतिजा, प्रमुख सिकाइ र सान्दर्भिक कार्यक्रमका उपरी लागतसमेत उल्लेख गर्ने निर्णय पनि गरेको छ ।

शिक्षामन्त्री सुमना श्रेष्ठको अध्यक्षतामा भएको सो बैठकले सञ्चालित कार्यक्रमका सम्बन्धमा विभिन्न संस्थाले गरेका अनुसन्धानका निष्कर्षलाई पृष्ठपोषणका रूपमा लिई कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्ने निर्णय गरेको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

यस्तै मन्त्रालय र सम्बद्ध निकायले आफ्नो निकायमा रहेका अनुसन्धान हेर्ने शाखामार्फत आफूले प्रदान गर्ने सेवाका सम्बन्धमा सरोकारवाला (विद्यार्थी, अभिभावक, शिक्षक र व्यावसायिक समुदाय) माझ सर्वेक्षण गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने र बजेट लाइन आइटममा रहेको दोहोरोपनाका सम्बन्धमा पुनरावलोकन गरी समन्वयमा सुधार गर्ने बैठकले निर्णय गरेको छ । सबै निकायले साप्ताहिक लगफ्रेम बनाई कार्यान्वयन गर्ने र निर्धारित उद्देश्यहरू अनिवार्य रूपमा पूरा गर्ने र तोकिएका कामहरू पूरा नगर्ने तर कार्यसम्पादन मूल्याङ्कनमा शतप्रतिशत अङ्क प्रदान गर्ने पद्धतिको अन्त्य गर्ने पनि निर्णय भएको छ ।

यसैगरी प्रधानमन्त्रीको अध्यक्षतामा हुने आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा चिकित्सा शिक्षाका विभिन्न विषयमा अध्ययनका लागि प्रदान गरिने छात्रवृत्तिका कारण राज्यकोषमा ठूलो व्ययभार पर्न जाने देखिएकाले सो सम्बन्धमा अध्ययन गरी सरकारलाई सुझाव दिन कार्यदल गठन गर्ने विषय प्रस्ताव गर्ने भएको छ ।

बुद्धशान्ति...

पाइन्छ। कृषकको मागलाई ध्यानमा राखेर आगामी आर्थिक वर्षका लागि बायो ग्यास प्लान्ट स्थापना गर्न बजेट व्यवस्थापनलाई निरन्तरता दिने वडा अध्यक्ष वाग्लेले बताए।

विकास भनेको बाटो घाटो मात्रै बनाउनु होइन, नागरिकको दैनिकीमा सहजता ल्याउनु, नागरिकको खर्च घटाउने गरीका दीर्घकालीन योजना लागू गर्नु, बहुउपयोगी कार्यक्रम सञ्चालन गरेर सुविधा दिनु पनि विकासको आधारहरू भएको वडा अध्यक्ष वाग्लेको भनाइ छ।

बुद्धशान्ति गाउँपालिका वडा नं.-१ मा वडा कार्यालयको महत्वपूर्ण सहयोग प्राप्त भएको बताउँदै सिलिण्डर ग्यासको प्रयोग घटेको साथै यसबाट निस्केको गोबरबाट गुणस्तरीय जैविक मल बनाउन सकिने मुनाल बायो ग्यास कम्पनीका महाप्रबन्धक श्याम खनालले बताए।

बिश्वमा बढ्दै गएको ऊर्जा संकटलाई सम्बोधन गर्नका लागि बायो ग्यास प्लान्टको भूमिका महत्वपूर्ण हुने देखिएको छ। कार्बन उत्सर्जनमा समेत सहयोग गर्ने बायो ग्यासमा मिथेन ग्यास खपत भई मलका लागि आवश्यक सम्पूर्ण तत्व यथावत रहने हुँदा कृषकलाई फाइदा पुग्ने नेपाल बायो ग्यास प्रवर्द्धन संघ कोशी प्रदेशका अध्यक्ष सन्तोष उप्रेतीले बताए।

लोक कल्याण बायो ग्यास कम्पनी र मुनाल बायो ग्यास कम्पनी, वडा नं १ कार्यलय साथै उपभोक्ताको गरी त्रिपक्षीय कार्यक्रम अन्तरगत कूल २१ लाख २४ हजारको लागतमा २९ घरमा बायो ग्यास स्थापना भइरहेको छ।

बायो ग्यास स्थापनाका लागि वडाले ३ लाख बजेट व्यवस्था गरेर कार्यक्रम सञ्चालन गरेको बताउँदै प्लान्ट ३० वर्षसम्म चल्ने साथै खर्च पनि कटौती हुने वडाध्यक्ष वाग्लेले बताए।

गोबर ग्यास प्लान्ट स्थापनाका लागि वडा कार्यालयको सहयोगबाट राहत पुगेको बताउँदै समय र पैसा बचत भएको मात्र होइन संकटमा समेत सहज हुने स्थानीय पदम भुर्तेलले बताए। बुद्धशान्ति गाउँपालिका वडा नं. -१ मा केही कृषकहरुले लामो समयदेखि गोबरग्यास प्रयोगमा ल्याइरहेका छन्। मानिसलाई विभिन्न ढंगबाट बायो ग्यासले सहयोग पुग्ने बताउँदै स्थानीय नन्दकुमार तिम्सिनाले प्लान्टबाट निस्केको मलसमेत प्रभावकारी हुने बताए। उनले वडाले राम्रो काम गरेकोले यस कार्यक्रमलाई निरन्तरता दिन सुझाव दिए।

बायो ग्यास निर्माणमा प्रयोग भएका सामग्री र मेकानिजम अत्यन्तै मजबुत भएको बताउँदै प्राविधिक लेखनाथ अधिकारीले प्रयोगकर्ताले प्लान्ट संरक्षणमा ध्यान पुऱ्याउन सकेको खण्डमा लामो समय टिकाउ हुने दावी गरे।

बायो ग्यास निर्माण हुँदा सिलिन्डर ग्यासमा हुने खर्च बच्ने छ भने गोवरका लागि पालिएका पशुबाट दूध बिक्री गरी तथा मल प्रयोग गरी किसानले आय वृद्धि गर्न सहयोग पुग्ने लक्ष्यका साथ वडाले सो कार्यक्रम शुरुवात गरेको बताइएको छ।

६३.२४

जानकारी दिए। त्यस्तै कमल गाउँपालिकाले ४७ प्रतिशत, अर्जुनधारा नगरपालिकाले ६९ दशमलव ४६ प्रतिशत, मेचीनगर नगरपालिकाले ६१ दशमलव ७९ प्रतिशत, शिवसतासी नगरपालिकाले ५८ दशमलव ६० प्रतिशत, दमक नगरपालिकाले ६२ दशमलव ५१ प्रतिशत जनतालाई औषधि खुवाएको छ।

त्यसैगरी गौरादह नगरपालिका ३६ दशमलव ५३ प्रतिशत, झापा गाउँपालिका ६० दशमलव ३३ प्रतिशत, बाह्रदशी गाउँपालिका ५८ दशमलव ४३ प्रतिशत, हल्दिबारी गाउँपालिका ५६ दशमलव ४८ प्रतिशत, भद्रपुर नगरपालिकाले ३३ दशमलव ९४ प्रतिशत र कचनकवल गाउँपालिका ६८ दशमलव ९३ प्रतिशत नागरिकलाई औषधि सेवन गराएको प्रमुख बाराकोटीले जानकारी दिए।

विदा ....

सेवा ऐन- २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली- २०५५ तथा सेवा सञ्चालन सम्बन्धि प्रचलित कानून बमोजिम हदैसम्मको कारबाही हुने र सोको लागि सम्बन्धित व्यक्ति स्वयम् जिम्मेवार हुनुपर्ने सचिव बुर्लाकोटीले बताए।

यस्तै स्वदेशी तथा विदेशी निजी संस्थाले सरकारी चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीले त्यस्तो कार्य गरेको देखिएमा मन्त्रालयमा जानकारी गराउनसमेत आग्रह गरिएको छ।

दिनदहाडै....

थियो। गोली प्रहारबाट गम्भीर घाइते बनेकी एनिकाको दमकस्थित लाइफलाइन अस्पतालमा उपचार भइरहेको छ। उनको पेटमा गोली लागेको थियो।

उनलाई गोली प्रहार गर्ने व्यक्तिको पहिचान भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीले बताए। उनीमाथि सिराहा घर भएका अमितकुमार यादवले गोली प्रहार गरेको बताइएको छ। एनिका माथि गोली प्रहार गर्ने आरोपी यादवको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक केसीले बताए।

यता दिनदहाडै विद्यार्थी माथि गोली प्रहार गर्ने व्यक्तिलाई पाँच दिन बितिसक्दा समेत प्रहरीले पक्राउ गर्न नसक्नु दुखद् रहेको भन्दै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा माओवादीले आपत्ति जनाएको छ।

मंगलवार झापाको बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज सुमन सिंले दोषीलाई तत्काल पक्राउ गरी कानून अनुसार कडाभन्दा कडा कारवाही गर्न माग गरेका छन्। उनले गोलीलागेर घाइते बनेकी एनिकाको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेका छन्।

लागूऔषध....

२ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा राक्सिराङ-१ सानो भावर बस्ने १९ वर्षीय बिजय तामाङ र रौतहट बृन्दावन -१ बस्ने ३५ वर्षीय धर्मेन्द्र ठाकुर रहेका छन्। प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको ना.६ ख ३५५७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

चट्याङ लागेर मृत्यु

झापा, वैशाख २५। चट्याङ लागेर मंगलवार झापामा एक व्यक्तिको मृत्यु भएको छ।

मृत्यु हुनेमा अर्जुनधारा नगरपालिका - २ स्थित चौरासे निवासी ५४ वर्षीय मोहनप्रसाद दुलाल रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

घर नजिकै मकैवारीमा मकैमा मल लगाउँदै गरेको अवस्थामा दुलाललाई चट्याङ लागेको प्रहरीले जनाएको छ।

दिउँसो पानीसंगै परेको चट्याङ लागेर घाइते बनेका दुलाललाई उपचारका लागि बिर्तामोडस्थित पूर्ण - टुङ्ग बिर्तासिटी अस्पताल ल्याएपनि उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए।

INVITATION FOR ELECTRONIC BIDS

Kamal Rural Municipality

Office of Rural Municipal Executive

Koshi, Province, Jhapa

First Date of publication: 2081/01/26(2024/05/08)

1. Kamal Rural Municipality, Topgachhi, Jhapa invites bids from eligible bidders for the following Construction works.

Contract ID No.	Name Of The Procurement	Procurement method	Estimated Amount (with VAT&PS) (NRs)	Bid Security Amount(Nrs)	Bid Document Fee (NRs)	Bid Submission Date	Bid Opening Date
24/KRM/SQ/SCHOOL /2080 /081	Constructionof MahendraRatna School Canteen & Block Works.	SQ-WORKS	18,57,683.93	45,000.00	1,000.00	2024/05/08 2081/01/26 12:00 NOON	2024/05/24 2081/02/11 13:00NOON

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi,Jhapa 023-475081, info@kamalmun.gov.np .

CHIEF ADMINISTRTIVE OFFICER

प्रभु बैक लिमिटेडका शाखा कार्यालय विर्तामोड झापाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/०१/२६ गते बुधबार, पूर्वाञ्चल राष्ट्रिय दैनिक)

यस बैकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्तभई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ताफछर्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीकालागि मिति २०८०/११/२४ गते बिहीबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्तागर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम बिक्री गर्ने बारेको सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्रीहुन नसकेकोले कर्जा असुलीकालागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखाकार्यालय, विर्तामोड झापामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, विर्तामोड झापामा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्तबोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछर्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्तम्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्यादभित्र प्राप्तहुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्तजायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्तातको विवरणः

ऋणी : कुष्ण कुमारी दाहाल	जमानतकर्ता : रमेश संगौला
(ना.प्र.नं. ७६१५२०७७ जारी मिति २०६०/०७/१९ जारी गर्ने कार्यालय जि.प्र.का.झापा)।	(ना.प्र.न. ३५० जारी मिति २०४८/०५/२० जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)।
स्थायी ठेगाना : झापा जिल्ला गोलधाप गा.वि.स. वडा ०६ (हाल हल्दीबारी गा.पा. वडा नं. १)।	स्थायी ठेगाना : मोरङ्ग जिल्ला दर्बेशा गा.वि.स वडा ९ (हाल रंगेली न.पा. वडा नं. ३)।
हालको ठेगाना : झापा जिल्ला बिर्तामोड न.पा.वडा नं. ०४।	हालको ठेगाना : झापा जिल्ला बिर्तामोड न.पा.वडा नं. ०४।
बुवा : लोक नाथ दाहाल। पति : रमेश संगौला/ससुरा : प्रेम प्रसाद संगौला।	बुवा : प्रेम प्रसाद संगौला। बाजे : चैतन्य प्रसाद संगौला।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरणः

कुष्ण कुमारी दाहालको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ठा कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं ४ नक्सा सिट १७९०११९ स्थित कि.नं. १८३६ क्षेत्रफल ११८.५२ व.मी.को घर/जग्गातथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय विर्तामोड तथा अन्य शाखा कार्यालयहरु**बाट समेत प्राप्तगर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलामहुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय, विर्तामोडमा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank

प्रभु बैंक लिमिटेड

प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल

फोन नं. ०१-५७१५०००

MITERI Development Bank Limited

मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)

प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी

फोन नं. ०२५-५३८३१७/५३६३१७

Email:- info@miteribank.com.np

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२६)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलको शाखाबाट उपभोग गरेको तपसिल बमोजिम कर्जाको ऋणको साँवा र ब्याज वा किस्ताको रकम नियमित नबुझाई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जाको तिर्न बाँकी साँवा, सो मा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सबै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तीनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालय शनिश्चरे, झापा (०२३-४६५६४४, ५८०२३०२७६२)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. व्यबसायिक कर्जा** ऋणी, शनिअर्जुन नगरपालिकाको कार्यालयमा दर्ता नं. २३९ मिति २०७३/०९/२८ मा दर्ता भई झापा जिल्ला अर्जुनधारा न. पा. वार्ड नं. ९ मा रजिष्टर्ड कार्यालय रहेको, आन्तरीक राजश्व कार्यालय भद्रपुरमा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र न. ६०५६६१२७९, प्राप्त श्री पाथिभरा हाट बजार ब्यवसाय (प्रो. देवमाया बस्नेत), ठेगाना अर्जुनधारा न.पा. -०९, झापा। प्रोपाइटर/ जमानतकर्ता नाम : देवमाया बस्नेत बाबुको नाम : कृष्ण बहादुर राउत पतिको नाम : इन्द्र बहादुर बस्नेत ठेगाना : अर्जुनधारा न.पा.०९, शनिश्चरे ना.प्र.नं. : ०५-०२-७२-००८०१ , मोरङ जारी मिति :२०७२/०२/१७	क) मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री देवमाया बस्नेतको नाममा दर्ता कायम भएको झापा जिल्ला शनिश्चरे गा.बि.स. वार्ड नं.- ९, कि.नं.८०२२ को क्षेत्रफल ०-१-०-०, भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलागपात समेत। जमानतकर्ता नाम : जानुका कुँवर बाबुको नाम : बम बहादुर बस्नेत पतिको नाम : ललित बहादुर कुँवर ठेगाना : अर्जुनधारा न.पा.०९, शनिश्चरे ना.प्र.नं. : ८२३११६७६, झापा जारी मिति :२०६१/०३/०२
कर्जाको किसिम **२. व्यबसायीक कर्जा-** ऋणी, बाणिज्य बिभागको कार्यालयमा दर्ता नं. ५९४/११८७६/१२/१५ मिति २०७५/१२/१५ मा दर्ता भई झापा जिल्ला कन्काई न. पा. वार्ड नं. -९ मा रजिष्टर्ड कार्यालय रहेको, आन्तरिक राजश्व कार्यालय भद्रपुरमा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र न. ६०९४३९८०७, प्राप्त चौधरी मदिरा पसल (प्रो. अजय चौधरी), ठेगाना कन्काई न.पा. ०९,झापा **प्रोपाईटर/ जमानतकर्ता** नाम : अजय चौधरी बाबुको नाम : नाथु लाल चौधरी बाजेको नाम : सुनारु चौधरी ठेगाना : कन्काई न.पा.०९, झापा ना.प्र.नं. : ०४३०३०/११९४ , झापा जारी मिति :२०६३/१०/२६ **जमानतकर्ता** नाम : सृजना चौधरी बाबुको नाम : छविलाल चौधरी पतिको नाम : अजय चौधरी ठेगाना : कन्काई न.पा.०९, झापा ना.प्र.नं. : ०४-०१-७२-०२७९७ , झापा जारी मिती :२०७२/०३/१८	१) मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री नाथुलाल चौधरीको नाममा दर्ता कायम भएको झापा जिल्ला घैलाडुब्बा गा.बि.स. वार्ड नं ६ को कित्ता नं. ५७६ को क्षेत्रफल ०-०-१५, भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलागपात समेत। **जमानतकर्ता** नाम : नाथुलाल चौधरी बाबुको नाम : सुनारु चौधरी बाजेको नाम : राम गिरी चौधरी ठेगाना : कन्काई न.पा.-०९, झापा ना.प्र.नं. : ३२३५१९१२, झापा जारी मिति : २०३४/१०/१० **जमानतकर्ता** नाम : जोखनी चौधरी बाबुको नाम : साम लाल चौधरी पतिको नाम : नाथुलाल चौधरी ठेगाना : कन्काई न.पा.०९, झापा ना.प्र.नं. : ३२३५१९१३ , झापा जारी मिति :२०४२/०१/२०
कर्जाको किसिम **३. व्यक्तिगत कर्जा -** ऋणीको नाम : हेम बहादुर बिष्ट बाबुको नाम : जीत बहादुर बिष्ट बाजेको नाम : चन्द्र बहादुर बिष्ट ठेगाना : शिवसताक्षी न.पा.११, झापा ना.प्र.नं. : ०४/५१२९, झापा जारी मिति : २०६३/०६/२९ **जमानतकर्ता** नाम : सुरेश बिष्ट बाबुको नाम : जित बहादुर बिष्ट बाजेको नाम : चन्द्र बहादुर बिष्ट ठेगाना : शिवसताक्षी न.पा.-११, झापा ना.प्र.नं. : ८५२४६७५, झापा जारी मिति : २०५९/१०/१०	१) मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको श्री सुरेश बिष्टको नाममा दर्ता कायम भएको झापा जिल्ला शिवगन्ज गा.बि.स. वार्ड नं ७ को कित्ता नं. ७७७१ को क्षेत्रफल ०-१-०-०, भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलागपात समेत। **जमानतकर्ता** नाम : कमला राउत बिष्ट बाबुको नाम : केशव कुमार राउत पतिको नाम : सुरेश बिष्ट ठेगाना : शिवसताक्षी न.पा.११, झापा ना.प्र.नं. : ०४-०१-७०-२१३२९, झापा जारी मिति :२०७०/०८/०९

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यवहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

सबै आमाहरुको जय होस्

वैदिक सनातन संस्कृतिमा चार जनालाई जीवित देवता मानिएको छ । ती मध्ये आमा अर्थात् मातालाई पहिलो देवता मानिन्छ । त्यसपछि बुवा अर्थात पिता, आचार्य अर्थात् गुरु र अतिथि अर्थात् पाहुनालाई जीवित देवताको श्रेणीमा राखिएको छ । यसो हुनुका पछि हामी प्रत्येकले उनीहरुबाट पाएको जीवन, संरक्षण, मार्ग-दर्शन (शिक्षा) आदि प्रमुख कारण रहेका छन् । त्यहीकारण पूर्वीय संस्कृतिमा यी अलग देवताहरुप्रति सम्मान प्रकट गर्न अलग-अलग दिन निर्धारण गरिएको छ । त्यही विशेष दिन मध्येको आज बैशाख कृष्णपक्षको औंशी तिथिका दिन देशभर मातातीर्थ औंशी मनाइन्छ । यो दिन अतिशय पीडा खपेर, आफ्नो खुशीलाई समर्पण गरेर, सेवाको प्रतिमूर्ति बनेर आफ्ना सन्तानका लागि बाँच्ने माताप्रति श्रद्धाभक्ति प्रकट गर्दै मेवामिष्ठान्न खुवाएर, सकेको नयाँ वस्त्र पहिऱ्याएर कृतज्ञता जाहेर गरिन्छ ।

हुन त वैदिक संस्कृतिमा सम्पूर्ण नारी जातिलाई भगवानकै रुपमा लिइएको छ । त्यहीकारण भनिएको छ- 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' । यसको आशय हो कि जहाँ नारी जातिको पूजा हुन्छ, त्यहीं देवताको पनि बास हुन्छ । यसले आमाको महिमाको गायन गरेको छ, दिवंगत हुनुभएका आमाहरुको स्मरण, श्रद्धा र कृतज्ञता व्यक्त गर्न सचेत पनि गराएको छ । भनिन्छ- मातातीर्थ औंशीले देवलोक, पितृलोक र पृथ्वीलाई जोड्छ । घर आमाको अनुपस्थितिमा पूर्ण नै हुँदैन । आमा बिनाको घर घर नै हुँदैन र त्यो सौन्दर्यविहीन पनि हुन्छ । संसारका मानिसहरुलाई संसार देखाउने भनेकै आमाले हो । त्यसैले आमाको गुणगान जत्ति गाएर पनि पूरा हुँदैन ।

संसारकै पहिलो गुरु भनिएको छ- आमालाई । सन्तान कु-सन्तान हुन सक्छन्, तर आमा कहिल्यै कुआमा हुन्नन् भनिएको छ । त्यसकारण पनि असल सन्तानले आमाप्रति श्रद्धा गर्छ । उसले आमाको भावना अनुसार काम गर्छ, आमाको सेवा गर्छ । उसलाई आमाले अह्रराउनु पनि पर्दैन । त्यही घरमात्र स्वर्ग हुन्छ, पृथ्वीलोकको बैकुण्ठ । त्रेतायुगका मर्यादा पुरुष राम वनबासमा रहेको बेला पानीको प्यास मेट्टाउन बाँण हानेर पानी निकालेको ठाउँमा उत्पत्ति भएको पानीको कुण्ड नै मातातीर्थ हो भनेको छ- पूर्वीय मान्यतामा । त्यसैले आजको दिन माता गुमाएकाहरु काठमाडौं नजिक रहेको मातातीर्थ गएर आमाप्रति श्रद्धा प्रकट गर्छन् । त्यहाँ गएर कुण्डमा हेर्दा माताको साक्षात दर्शन पाइन्छ भन्ने जनविश्वास छ । आमाको त्यही महत्त्व र गौरवको रक्षा गर्दै भावी सन्ततीलाई आमाप्रति श्रद्धा प्रकट गर्न, सनातनी संस्कृतिको प्रवर्द्धन गर्न तत्कालीन प्रम मरिचमान सिंह श्रेष्ठले आजको दिनलाई राष्ट्रिय पर्व घोषणा गरेका थिए । आज त्यो परम्परा तोडिएको छ, तर आमाको स्थान त्यहीँ छ, जसलाई बचाउन र आमाप्रति साँचो भक्ति गर्न आजको दिनले सबैलाई प्रेरणा दिनुपर्छ । सबैलाई मातातीर्थ औंशीको शुभकामना ।

सुगौली सन्धी, पुर्ने डाँडा र झ्याम्टे मेला

गणेश निरौला



सुन्दर पहाडी जिल्ला इलामका धेरै स्थानहरूमा वार्षिक मेला लाग्ने गर्छ- माईबेनी, गजुरमुखी, माईपोखरी, नयाँबजार, पुर्नेडाँडा । प्रत्येकको आ-आफ्नै गरिमा छ । तर, पुर्नेडाँडामा लाग्ने झ्याम्टे मेलाको अरुभन्दा भिन्न र विशिष्ट ऐतिहासिक र सांस्कृतिक महत्व पाइन्छ । सन् १८१६, मार्चको सुगौलीको सन्धिले इस्ट इण्डिया कम्पनी र नेपालबीचको झन्डै दुई वर्ष लामो लडाइँ टुङ्ग्यायो । सन्धिको एउटा सर्त थियो- नागरी किल्लामा रहेका सेनासहित नेपाली प्रशासनले मेचीपारिको सम्पूर्ण भू-भाग ४० दिनभित्रमा छोडिदिनुपर्ने । पूर्वी मोर्चामा एउटा बन्दुकसम्म ठ्याङ्ग नपारी टिस्टादेखि मेचीसम्मको क्षेत्र परित्याग गर्नुपरेको इख बोकेका नेपाली कमान्डरहरुले समयसीमाभित्रै सेनालाई मेचीवारि ल्याए र करफोक पुर्नेडाँडामा गढ़ी तुल्याएर राखे ।

सेनाको ठूलो संख्या त्यहाँ स्थायीरूपमा बसोबास गरेपछि त्यहाँको चहलपहल बढ्न थाल्यो । ठूलो संख्याका जवानहरुलाई दैनिक आवश्यकतासहित रसदपानीको आपूर्ति गरिरहनुपर्ने हुँदा मानिसको आउजाउ बढ़ायो र आइतबारे-फिक्कल जस्ता बजारहरुको प्रारूप तयार भयो होला । युद्धे नगरी मेचीपारीको भू-भाग आफूभन्दा कमजोर राज्य सिक्किमलाई छोडी तत्काललाई सन्धि गर्नुपरे पनि नेपाल पूर्णतः निर्भय-निरापद भइहाल्ने अवस्था थिएन । नेपाली सार्वभौमसत्ताको परिधि नाघेर अंग्रेजी राहु मेचीवारी आउँदैन भनी ढुक्क निदाउने बेला थिएन ।

यस्तो परिस्थितिमा करफोकमा बसेको सेना नै पूर्वी सिमानाको एकमात्र पहरेदार थियो । सिंहलीला पर्वत पानीढलो नाघेर आउनेको चियोचर्चा गर्ने चौकीदार थियो । मुलुकको स्वतन्त्रता नै चरम सङ्कटमा परेको त्यस घडीमा राहत र भरोसाको एक मात्र केन्द्र थियो । र, सेना बसेको त्यही स्थान वरिपरि सम्भवतः सेना बस्न थालेकै समयदेखि लाग्न थालेको झ्याम्टे मेलाको ऐतिहासिक महत्वले अरुलाई उछिनेको हो ।

मध्यकालमा माईपूर्वको इलामे भू-भाग कहिले सिक्किमका लाप्चे राजाको अधिनमा त कहिले विजयपुरका सेन राजाका (लिम्बुवान) मातहत शासित थियो । जे भए पनि पूर्वी इलाममा किरातहरूको उल्लेखनीय बसोबास थियो । करफोक वरिपरि पनि यिनको बाक्लो उपस्थिति थियो । किरातहरूको बहुलता भएकैले सेना बसेको अग्लो डाँडाको फेदीतिर उधौली-उभौली जस्ता आफ्ना परम्परागत चाड सार्वजनिक रूपमा नाचेर मनाउन थालियो होला । पर्यावरणीय अनुकूलतामा काम गर्न खप्पिस किराती पुर्खाले ब्याँसीतिर झर्नै अवसरमा उँधौली र लेकतिर चढ्ने समयमा उँभौली चाडका रुपमा मनाउन थालेका हुन् । छेत्री-बाहुनमा यी दुवै समय गोठधुप गर्ने परम्परा छ । अँ... उँधौली प्रमुख अन्न भित्र्याउने समय पनि हो । नयाँ अन्न चाख्नु-चलाउनुअघि देवता र पितृसँग अनुमति माग्नु र रमाइलो गर्नु यस पर्वको मुख्य र सार कुरा हो ।

त, पुर्नेडाँडामा मंसीर पूर्णिमा र बैशाखे पूर्णिमा गरी वर्षमा दुई पटक मेला लाग्ने गर्छ । मेलाको प्रथम दिन जातीय पोशाक र गहनामा सजिएका किराँत जातिका सबै उमेर समूहका व्यक्तिहरु भेला हुन्छन् । कुखुरा, सुँगुर, जाँडरक्सी, केराको पात, धुपअक्षता, अदुवा, पाती, सेउली, धनुकाँढ, ढोल, भ्याम्टासहितले चुल्होको पूजाबाट शुरु गरेको कर्मकाण्ड साकेला थानमा बली चढाएपछि धर्मगुरुको आदेशले साकेला नाच शुरु गर्छन् । पछिल्ला दिन ठाउँ फेरिफेरि यो नाच नाचिन्छ । नाचमा भ्याम्टाको ताल र आवाज विशेषको भूमिका रहन्छ । सम्भवतः यसैकारण यहाँ लाग्ने मेलाको नाम नै भ्याम्टे मेला रहन गएको हो । अनि वर्षका दुईवटा पूर्णिमामा मेला लाग्ने भएकाले डाँडालाई पुर्नेडाँडा नामले चिन्न थालिएको हुनुपर्छ । यी कारणले पनि भ्याम्टे मेलाको सांस्कृतिक विशिष्टता गहन बनेको हो ।

त्यस समय ब्यारेकको सेनाले छाउनी नजिकै रहेको पञ्चकन्या मन्दिरलाई विशेष महत्व दिई देवीको पूजा-अर्चना गरी बली दिने परम्परा शुरु गरेको थियो । पछि सेनाले नामसालिङ हुँदै इलाममा स्थायी गढ़ी कायम गरेपछि पनि बडा दशैं र चैते दशैं दुबैको नवमीमा करफोकको पञ्चकन्या देवीको विशेष पूजा गरेपछि मात्र माईस्थानको पूजा समापन भएको मानिन्थ्यो र तोप पड्काइन्थ्यो । र, यो पञ्चकन्या मन्दिर मेला लाग्ने स्थानमै भएकाले पनि 'झ्याम्टे मेला'को महत्व बढेको हो ।

२०२० दसकको शुरुदेखि नै इलामका विभिन्न हाई-स्कूलहरुलाई प्रधानाध्यापकीय नेतृत्व दिनुभएका गुरु नरहरि शर्मा अधिकारी भन्नुहुन्छ- 'हामी केटाकेटी हुँदा किल्लाको फेदको गाह्रो सबुत नै थियो । किल्ला निर्माणमा चाहिने इँटा बनाउन खनिएको खाडलमा बर्खामा पानी भरिएर बनेको पोखरीलाई हामी 'किल्लाको आहाल' भन्थ्यौं । किल्लाका ढोकका चौखट माघेसुन्तलेमा अझै सबुत छन् । त्यसो त किल्ला निर्माणमा प्रयोग गरिएका इँटा अहिले पनि डाँडामा भेटिन्छन् ।

त्यो बेला विश्वविजयी साम्राज्यवादी अंग्रेजी शक्तिसँग सिङ जुधाउन तयार नेपाली सेना बसेको थियो यस डाँडामा । सेना फेरि बस्न आइपुग्यो वि.सं. २०५४ सालमा । यसपाली वाह्य शक्तिसँग भिड्न होइन तर आन्तरिक कारण- माओवादी हिंसात्मक विद्रोहले । अनि १८१ वर्षअघिदेखि अविच्छिन्न लाग्दै आएको 'झ्याम्टे मेला' रोकियो- असुरक्षाको कारणले । २०६५ सालमा विद्रोही र संस्थापनवीच शान्ति सम्झौता भएर पनि मेला पुनर्सञ्चालनमा केही समय लाग्यो । आखिर २०७८ को मंसीर पूर्णिमामा मेला लाग्न शुरु भयो- श्रीनाथ पल्टनको सौर्य स्मरण गराउँदै । किरात जातिको मानिल्याएको नेपाली राष्ट्रिय चाडको सामान्यीकरणको महत्व झल्काउँदै । यो मेला इलामले बाँकी जिल्लालाई लोभ्याउने मात्र होइन आह्रिसेसम्म बनाउने सम्पदा हो ।

इलामको मात्र होइन टिस्टासम्म नेपाली पुगेको गौरव स्मरण गराउने राष्ट्रिय प्रतिक हो । तर, चिन्ताको विषय- यो स्थान निजी स्वामीत्वभित्र परेको छ । सांस्कृतिक र धार्मिक मात्र होइन, ऐतिहासिक महत्व समेत बोकेको 'झ्याम्टेमेला' लाग्ने स्थल पुरातात्विक दृष्टिले मूल्यवान छ । स्थानीय समाजसेवी दीपक अधिकारीका अनुसार यसको स्वामीत्व तेस्रो/चौथो व्यक्तिमा पुगेको छ । उहाँ भन्नुहुन्छ- 'यस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक महत्वका स्थल सार्वजनिक सम्पत्ति हुनुपर्ने हो । राष्ट्रिय चासोभित्र पर्नुपर्ने हो । दुई सय छ वर्षअघिको गढीको पुनर्निर्माण गरी इतिहास सुरक्षित पार्नुपर्ने हो । यसले पर्यटनको विकास समेत हुनेछ । राज्यले क्षतिपूर्ति गरेर यो जमिन आफ्ना प्रत्यक्ष निगरानीभित्र राख्नुपर्ने हो । तर, सुनुवाइ कहाँ गर्ने ?

अधिकारीजीले भने अनुसार गर्न बितेन र ? स्थानीय पालिकाले उदयपुर गढी पुनर्निर्माणमा अग्रसरता देखाए झैं सूर्योदय नगरपालिका यो किल्लाको संरक्षणमा लागिपर्ला ? पाल्पाको तानसेनमा झैं युद्ध सामग्री पुरिएका पो छन् कि ! के नेपाली सेनाले यसमा चासो देखाउला ? या पुरातत्व विभागका अघि सर्ला ? अथवा प्रदेश वा संघीय सरकारको चेत खुल्ला ?

आमाको महत्व

आज बैशाख कृष्ण अमावाश्य तिथि अर्थात् आफूलाई जन्म दिने आमाको सम्मान गर्ने दिन । नेपाली समाजमा भन्ने गरिए अनुसार आमाको मुख हेर्ने दिन । हरेका वर्षको कृष्ण पक्षको औंशी तिठिमा पर्ने यो पर्व न्मदाता आमालाई मीठा मीठा खानेकुरा खान दिई श्रद्धाभक्ति साथ मनाइने गन्छि र यो वर्ष पनि मनाइँदैछ ।

हिन्दू परम्परा अनुसार शास्त्रमा पण्डित, आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उनबाट शुआशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइन्छ । भगवान्रुपी आफ्नी आमालाई राम्राराम्रा लुगा लगाउने र मीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ ।

यो पर्व धार्मिक दृष्टिले मात्र नभई सामाजिक दृष्टिले पनि महत्व राखेको छ । धर्म शास्त्रमा बताइएको कुरा त छँदैछ त्यो बाहेक पनि यस्ता पर्वले समाजमा हुने आमा बुवासँग बिग्रेको सम्बन्धलाई सुमधुर गर्छ भने सुमधुर भएको सम्बन्धलाई सौहार्दको इँटा थप्ने काम गर्छ ।

आमा नभएकाहरू भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदादानसहित भोजन गराई दिवङ्गत आमा र उनले गरेका महान् एवम् कष्टकर काम सम्झने गर्दछन् । जीवित वा दिवंगत दुबै आमाका सम्मान र सम्झनामा मनाइने पर्व हो- मातृ औंशी । हिजोआज यसलाई आमा दिवस पनि भनिन्छ । आमाको माया, ममता, त्याग र समर्पणलाई शब्दले व्यक्त गर्न सकिँदैन ।

विश्वका प्रसिद्ध साहित्यकारहरूले पनि आमाको महिमाबारे लेख्न शब्दको खडेरी र खाँचो परेको राय व्यक्त गरेका छन् । संसारमा सबैभन्दा मीठो सम्बोधन हो- मा, आमा, मदर, मम, मामी । हाम्रा शास्त्रहरुमा आमालाई सारै सम्मानजनक स्थान दिइएको छ । तैतिरीयोपनिषद्मा मातृ देवो भवः, अर्थात् आमालाई देवी सरह मान, आमाको भक्त होऊ भनिएको छ । स्तोत्रावलीमा कुपुत्रो जयते क्वचिदपि कुमाता न भवति अर्थात् सन्तान कुपुत भए पनि आमा कहिल्यै कुआमा हुँदिनन् भनिएको छ ।

नेपालका विभिन्न तीर्थ स्थलहरू र काठमाडौंको थानकोटको मातातीर्थ, भक्तपुरको हनुमान घाट, पशुपति क्षेत्रका घाटहरूमा आजको दिन आमा नहुनेहरूले तर्पण, श्राद्ध र दान गर्छन् । समय अनुसार छोराछोरीले आमाको मुख हेर्ने दिन केही अनुकरणीय कार्य गर्न सक्छन् । मुख हेर्ने दिन फलफूल र मिष्ठान्न अर्पण गरेर मात्र सन्तानको दायित्व पूर्ण नहुँदै । आमाको आँखामा आँशु नल्याउन वचन र कर्म दुबै आवश्यक छ । हाम्रो शास्त्रमा आमाको चित्त दुखाएमा सात जन्मसम्म नरकमा पर्ने चेतावनी दिएको छ । यति हुँदाहुँदै पनि कतिपय छोराछोरीले आफ्नी आमालाई वृद्धाश्रममा राखेको पनि देख्न सकिन्छ ।

पितृ भइसकेको आमाले यस धरातलबाट अर्पण गरेको जल पाउँछिन् भने जिउँदै आमालाई आवश्यक हुँदा अन्न जल दिएर उनको सेवा गर्दा आफ्नै आँखाले देख्न र आशीर्वाद पाइन्छ । औंशीमा सूर्य र चन्द्रमा एउटै राशीमा बस्छन् । त्यसैले यस दिनको ज्योतिष शास्त्रमा विशेष महत्व छ । आमाको महत्व दर्शाउन नै वर्षको पहिलो महिनाको औंशी आमाको सम्मानका लागि छुट्याइएको छ ।

चन्द्रागिरीको फेदीमा स्थित मातातीर्थको ठूलो महिमा छ । हरेक वर्ष आमाको मुख हेर्ने दिन यहाँ मेला लाग्दछ । नेपालको पुरातात्विक प्रामाणिक इतिहास पाँचौ शताब्दीदेखि प्रारम्भ हुन्छ । मातातीर्थमा लिच्छवीकालका शीलालेख र मूर्ति प्राप्त भएका छैनन् । तर, नजिकैका स्थान बलम्बू, थानकोटमा लिच्छवीकालका अभिलेख छन् । मातातीर्थको ढुंगेधारा र कुण्ड वि.सं. १७९६ मा जयविष्णुले बनाएको मानिन्छ । मूर्तिकार रामकृष्ण भण्डारीले बनाएका आमाको आधुनिक मूर्तिले त्यस क्षेत्रकों महिमा बुझाएको छ ।

बिदा लिएर निजी स्वास्थ्य संस्थामा नजान चिकित्सकलाई निर्देशन

झापा, बैशाख २५ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई विदा लिएर निजी स्वास्थ्य संस्थामा काम गर्न नजान निर्देशन दिएको छ ।

स्वास्थ्य मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले प्रतिष्ठान, विभाग, अस्पताल र केन्द्रलाई निर्देशन जारी गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले जुन उद्देश्यका लागि बिदा लिएको हो सोही उद्देश्य अनुसार त्यसको सदुपयोग गर्न आग्रह गरेका छन् । उनले चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई अध्ययन, असाधारण, घर बिदा, बिरामी बिदा, भैपरी आउने र पर्व बिदा जस्ता बिदा लिई निजी संस्था तथा गैरसरकारी संस्थामा गई कार्य गर्नेलाई प्रचलित कानून अनुसार कारवाही गर्ने बताए ।

'केही चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीले जुन उद्देश्यका लागि बिदा लिएका हुन् सोही अनुसार बिदा उपयोग नगरी निजी स्वास्थ्य संस्थामा, विदेशी स्वास्थ्य संस्था एवम् गैरसरकारी सङ्ग-संस्थामा गई कार्य गरेको जानकारी प्राप्त हुन आएकाले त्यस्ता कार्य नगर्नु, नगराउनु हुन अनुरोध गर्दै आ-आफ्नो पदीय मर्यादा, व्यक्तिगत आचरण एवम् पेसागत अनुशासनमा रही कार्य गर्नुहोला' -सचिव बुर्लाकोटीद्वारा जारी निर्देशनमा उल्लेख छ ।

केहीले विदेशमा समेत गई कार्य गरी आफू जिम्मेवार रहेको निकायमा चिकित्सकीय तथा स्वास्थ्य सेवा प्रवाह नगरी गैर जिम्मेवारीपूर्ण कार्य गरेकाले प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गरी स्वीकृत गरेको बिदा रद्द गर्न विभिन्न निकाय तथा सेवाग्राहीबाट गुनासो प्राप्त भएको सचिव बुर्लाकोटीले उल्लेख गरेका छन् । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ मा सबै सरकारी कर्मचारीको समय नेपाल सरकारको अधिनमा हुने र बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको उल्लेख गर्दै कर्मचारीले नियमावली अनुसार बिदा लिन पाउने भए पनि जुन उद्देश्यले बिदा लिएको हो सोही प्रयोजनमा उपयोग गर्न उनले आग्रह गरे ।

बिदाको उद्देश्य विपरीत निजी स्वास्थ्य संस्थामा काम गरेको पाइएमा सम्बन्धित निकायले स्वीकृत गरेको बिदा रद्द हुनुका साथै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ तथा सेवा सञ्चालन सम्बन्धी प्रचलित कानून बमोजिम हदैसम्मको कारबाही हुने र सोको लागि सम्बन्धित व्यक्ति स्वयम् जिम्मेवार हुनुपर्ने सचिव बुर्लाकोटीले बताए ।

त्यस्तै स्वदेशी तथा विदेशी निजी संस्थाले सरकारी चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीले त्यस्तो कार्य भए गरेको देखिएमा मन्त्रालयमा जानकारी गराउन समेत आग्रह गरिएको छ ।

बिर्तामोडमा सक्सेस पाथ एजुकेशनको सेवा

बिर्तामोड, बैशाख २५। विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गर्दै झापाको बिर्तामोडमा नयाँ कन्सलट्यान्सीले सेवा प्रारम्भ गरेको छ।

बिर्तामोडस्थित चम्लागाई कम्प्लेक्समा सक्सेस पाथ एजुकेशन कन्सलट्यान्सीले सेवा प्रारम्भ गरेको हो। २०७३ सालदेखि काठमाडौंको नयाँ बानेश्वरमा मुख्य कार्यालय सञ्चालन गर्दै आएको कन्सलट्यान्सीले युरोप लगायतका देशमा अध्ययन गर्न जाने विद्यार्थीलाई सहजताका साथ सेवा प्रदान गर्ने उद्देश्यले बिर्तामोडमा शाखा सञ्चालन गरेको कन्सलट्यान्सीकी सञ्चालक दीया भण्डारीले जानकारी दिइन्।

विदेश अध्ययनका लागि जाने विद्यार्थीलाई पठाइने देशको रहन सहन, त्यहाँको वातावरण साथै भाषा लगायतका बिषयमा जानकारी दिन कन्सल्ट्यान्सीको शाखा बिस्तार गरिएको शाखा प्रवन्ध निर्देशक हेमन्त पाण्डेले बताए। शाखाबाट विद्यार्थी मात्र नभएर अभिभावकलाई समेत त्यस विषयमा जानकारी गराउने बताइएको छ।

कन्सलट्यान्सीबाट अस्ट्रेलिया, अमेरिका, जापान, युके, दक्षिण कोरिया, फ्रान्स, न्यूज्यल्याण्ड लगायतका देशमा अध्ययनमा जाने विद्यार्थीलाई परामर्श दिएर पठाइने अस्विन देउजाले जानकारी दिए।

कन्सलट्यान्सीको प्रधान कार्यालयका सहायक कार्यकारी अधिकृत दिनेश बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा एमिटी एजुशेन फाउण्डेशनका प्रिन्सिपल आरएस ढकालको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि ढकालले धेरै विद्यार्थीहरु नबुझी विदेश जाने गरेकाले समस्या हुने गरेको बताए। धेरै कन्सल्ट्यान्सीले पैसा कमाउने नाममा विद्यार्थीलाई रणभुल्लमा राख्ने गरेकाले विद्यार्थीलाई विदेश पठाउनु पूर्व सबै जानकारी दिनुपर्ने ढकालको भनाइ छ। शाखाका सिनियर काउन्सिलर सिर्जन अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन शाखा प्रबन्ध निर्देशक पाण्डेले गरेका थिए।

कृषकलाई बाखा वितरण

बिर्तामोड, बैशाख २५। बिर्तामोड नगरपालिकाले कृषकहरुलाई छ सय ७५ वटा बाखा वितरण गरेको छ।

नगरले आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्म नगरको मेयर पकेट प्याकेज कार्यक्रम अन्तर्गत महिला कृषकहरुलाई बाखा वितरण गर्दै आएको हो। त्यस यता १९ वटा उन्नत बोयर जातको बिऊ बोका समेत वितरण गरिएको जनाइएको छ।

नगरको पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालले यस अवधिमा १५ वटा महिला कृषक समूहका दुई सय २५ जना सदस्यलाई बाखा वितरण गरेको जानकारी दिए। नगरले बाखा दिएपछि खोर पनि निर्माण गरिदिने गरेको छ। आर्थिक वर्ष २०७४/०७५ यता दुई सय २५ वटा खोर निर्माण गरेको नगरले जनाएको छ।

नगरले शुरुवातमा दुई लाख ६५ हजार लगानी गरेर बाखा खरिद गरी मेयर पकेट अन्तर्गत बाखा साटासाट कार्यक्रमलाई अघि बढाएको थियो। यस कार्यक्रम अन्तर्गत बाखा प्राप्त गर्न एउटा महिला कृषक समूहमा १५ जना अनिवार्य छ। समूहका सबै सदस्यलाई तीन तीन वटाको दरले बाखा वितरण हुन्छ। बाखा प्राप्त गरीसकेपछि अर्को वर्ष समूहका सबैले तीन-तीन वटाकै दरले बाखा नगरलाई बुझाउनु पर्छ। यसरी प्राप्त गरेको बाखा फेरी नगरले बाखा माग गर्ने महिला कृषकहरुलाई वितरण गर्छ। नगरले बाखा वितरण गरेपछि खोर निर्माणसँगै बीमा, खोप, सिजनको घाँस र औषधि उपचारमासमेत सहयोग गर्दै आएको शाखा प्रमुख दाहालले जानकारी दिए।

कार्यक्रम अन्तर्गत नगरपालिकाले बिर्तामोड-२ को ओम नवज्योति कृषक समूहका महिलाहरुलाई ४५ वटा बाखा वितरण गरेको छ। बिर्तामोड-८ को जीवन आधार कृषक महिला समूहले जिम्मा लगाएको ४५ वटा बाखा नवज्योतिलाई वितरण गरिएको हो। नगर प्रमुख पवित्रा महतारा प्रसाईले समूहलाई बाखा हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले कृषक महिलाहरुको आर्थिक जीवनस्तर उकास्न सघाउ पुऱ्याउने उद्देश्यले बाखा वितरण गरिँदै आएको बताइन्। उनले बाखालाई राम्रो घाँस पानी गरेर मनग्य आम्दानी गर्न सकिने भन्दै मेहनत गर्न आग्रह गरे।

दृष्टिविहीनलाई नगद सहयोग

बिर्तामोड, बैशाख २५। वीरता लेडी जेसीजले एक जना दृष्टिविहीन महिलालाई फलफूल र नगद वितरण गरेको छ।

झापा चारपानेकी दामोसरी राजवंशीलाई नगदसहित फलफूल वितरण गरिएको हो। माता तीर्थ औंशीको अवसर पारेर बिर्तामोड-२ बालुवाटारकी राजवंशीलाई ११ हजार नगद सहयोग प्रदान गरिएको वीरता लेडी जेसीज सन् २०२४ की अध्यक्ष मेनुका ओलीले बताइन्।

लेडी जेसीजकी उपाध्यक्ष चन्द्रकला रिजालको संयोजकत्वमा आयोजित संक्षिप्त कार्यक्रमका बीच राजवंशीलाई सहयोग रकम हस्तान्तरण गरिएको हो।

दृष्टिविहीन मात्र होइन, आफन्तविहीन अवस्थामा रहेकी राजवंशी केही समयअघि लडेर घाइते भएकी थिइन्। शुभेच्छुक र इष्टमित्रको सहयोगले उनको जीवन गुजारा चलिरहेको छ।

कार्यक्रममा निवर्तमान अध्यक्ष संगीता गिरी, महासचिव मुना ढुंगेल लगायत लेडी जेसीजका पदाधिकारी तथा सदस्यको सहभागिता रहेको थियो।

करेन्ट लागेर शिशुको मृत्यु

झापा, बैशाख २५। शिवसताक्षी नगरपालिका-७ का १८ महिने शिशुको पानी तान्ने मोरटबाट करेन्ट लिक हुँदा करेन्ट लागेर मृत्यु भएको छ।

बाह्रदशी गाउँपालिका- २ बुट्टावारीमा रहेको मावली घरमा उनलाई करेन्ट लागेको र उपचारका लागि बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्तासिटी अस्पताल ल्याएको थियो। तर, उपचारका क्रममा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक नरेश लिम्बूले जानकारी दिए।

आमासँग मामाको विवाहमा पुगेका कृष्णलाई खेल्ने क्रममा करेन्ट लागेको उनका बुवा चन्द्रप्रसाद राजवंशीले बताए।

कृषि उपज विवरण संलन

खोटाङ, बैशाख २५। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा कृषि उपज तथा पशुपालन सम्बन्धी विवरण सङ्कलन गरिने भएको छ।

नगरभित्रका असली कृषक, कृषि व्यवसाय तथा कृषकको अवस्था, पशुपालन र कृषकले उत्पादन गरेका कृषि उपजहरु बजारसम्म आए/नआएको यकिन गर्न विवरण सङ्कलन गरिने भएको हो।

नगरपालिकासँगको सहकार्यमा उद्योग वाणिज्य सङ्घ खोटाङले नगरभित्रका १५ वटै वडाका कृषकको विवरण सङ्कलन गर्ने तयारी गरेको जनाइएको छ। कृषि उपज र पशुपालनको विवरण सङ्कलन गर्नका लागि नगरपालिकाले रु. १० लाख तथा वाणिज्य सङ्घले दुई लाख रुपैयाँ बजेट छुट्याएको छ।

पाथीभरा ज्योतिष परामर्श केन्द्र

बिर्तामोड-५, गजुरमुखी टोल

ज्यो. पं. खेमप्रसाद पौडेल

यहाँ चिना टिपन लेख्नुका साथै भूत-वर्तमान र भविष्यको फलादेश गरिन्छ। साथै सम्पूर्ण पूजा सामग्री उपलब्ध छ।

सम्पर्क :
९८५११५४६९९, ९८१३२८६०४९

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सूचना तथा विज्ञापनका लागि

मेचीनगरको धुलाबारी क्षेत्रमा पूर्वाञ्चल दैनिक पत्रिका आवश्यक परे वार्षिक ग्राहक बन्नु परे वा कुनै पनि सूचना विज्ञापन गर्न परेमा ।

सुमन बस्नेत
९८१६९४०६३०

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय	सम्पर्क (चालक)	
दमकबाट : बिहान ६ बजे	सन्तोष	जीवन कार्की
बिर्तामोडबाट : बिहान ७ बजे	९८०६०१८१७४	९८१६९४०१७३
मंगलबारेबाट : दिउसो १२ बजे	९८४०३८७६७५	मे १ ज १६७०

भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
युवराज चौहान	चन्द्रगढी-६	२००५	०-२-०	सेल्टु
चन्द्रबहादुर जिम्वा तामाङ्ग	शान्तिनगर-४	१००८, १००९, १०१०	०-१-० ०-०-४ ३/४ ०-०-१५ १/४	लालबहादुर कुमाल " "
गोमाकुमारी काफ्ले	जुरोपानी-८	१४२९	०२२०१.००	जुगुलाल बेसरा/सोमन सता
जयप्रसाद काफ्ले	जुरोपानी-८	५६८	२०९५.००	मोटा किस्कु सतार
डिल्लीमाया काफ्ले	जुरोपानी-८	१४३०	४५९९.००	जोगने सतार/जगुलाल बेस
ईश्वरलाल ठाकुर	गौरीगञ्ज-९	३२९	६२०.००	नेङगा मार्नि

पाठेघरको मुखको क्यान्सर सम्बन्धी जानकारी

१

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) भनेको पाठेघरको मुखको कोषिकाहरु अनियन्त्रित, असामान्य र अनावश्यक रुपले वृद्धि हुनु हो। नेपालमा पाठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने क्यान्सरमध्ये पहिलो स्थानमा पर्दछ। पाठेघरको मुखको क्यान्सरको कारणले धेरै महिलाहरुले अकालमै ज्यान गुमाउने गरेका छन्। समयमा पत्ता लागेमा यो रोगको उपचार हुन्छ र यसको रोकथाम गर्न सकिन्छ। एक पटक मात्रै पनि यौन सम्पर्क भएका ३० देखि ६० वर्ष उमेरका सबै महिलाले आफूलाई केही समस्या नभए पनि VIA परीक्षण गराउनु पर्दछ।

- पाठेघरको मुखको क्यान्सरको मुख्य कारण "ह्युम्यान प्यापिलोमा भाइरस" Human Papilloma Virus (HPV) को संक्रमण हो। यो जीवाणु यौन सम्पर्कबाट सर्दछ।
- Visual Inspection with Acetic Acid (VIA) : बिर्तामोड नगरअस्पतालमा यस प्रबिधिबाट पाठेघरको मुखको क्यान्सरको परिक्षण निःशुल्क उपलब्ध छ।
- यो परीक्षण गर्दा दुख्दैन र शरीरलाई कुनै नराम्रो असर गर्दैन।

२

पाठेघरको मुखको क्यान्सरको जोखिम

- योनि वा योनिमार्गको संक्रमण हुनु
- धेरै जनासंग यौनसम्पर्क राख्नु
- २० वर्षभन्दा अगाडि विवाह वा असुरक्षित यौनसम्पर्क हुनु
- २० वर्षभन्दा अगाडि बच्चा जन्माउनु
- धेरै बच्चा जन्माउनु
- पटक पटक गर्भपतन गराउनु
- धुम्रपान/मद्यपान गर्नु
- महिलाहरुमा HIV संक्रमण हुनु
- महिलाहरुमा कुपोषण हुनु
- पाठेघरको मुखमा ५% एसिटिक एसिड (Acetic Acid) लगाई VIA परीक्षण गर्नु पर्दछ। यसको नतिजा तुरुन्तै थाहा पाउन सकिन्छ।

३

पाठेघरको मुखको क्यान्सरको मुख्य लक्षणहरु

- योनिबाट अनियमित रगत बग्नु
- योनिबाट सेतो गन्हाउने पानी बग्नु
- तल्लो पेट दुखिरहनु
- दिसापिसाब गर्दा अप्ठ्यारो हुनु
- महिनावारीको बिचमा वा महिनावारी रोकिसकेको महिलाहरुमा फाट्टफुट्ट रगत देखिनु
- यौन सम्पर्क गर्दा दुख्नु, रगत देखिनु
- तौल घट्दै जानु
- क्यान्सर अरू अंगहरूमा फैलिएको अवस्थामा फैलिएको अंग अनुसार लक्षण देखिन्छ जस्तैः खुट्टा सुन्निनु, ढाड/कम्मर दुख्नु, खोकी लाग्नु आदि।

क्यान्सरको शंका लागेमा थप परीक्षण र उपचारको लागि सेवा उपलब्ध भएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला।

४

पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच (Screening)

३० वर्ष उमेर भन्दा माथिका सबै महिलाहरुले नियमित रुपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनु पर्दछ र HIV संक्रमित महिलाहरुले २५ वर्ष को उमेरबाट नै नियमित प्रारम्भिक जाँच गराउनु पर्दछ । पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच निम्न विधिहरुबाट गर्न सकिन्छ।

- पाठेघरको पानीको परीक्षण (PAP SMEAR)
- एच.पी.भी. (H.P.V) डी.एन.ए. (D.N.A) को परीक्षण ।

VIA Negative Cervix:

१. पाठेघरको मुखमा VIA परीक्षण गर्दा सेता टाटाहरू देखिएमा VIA negative भनिन्छ। यो सामान्य अवस्था हो।
२. HPV बाट पाठेघरको मुखमा संक्रमण हुन लामो समय लाग्ने हुनाले प्रत्येक ५ वर्षमा VIA परीक्षण गराउनु जरूरी छ।

VIA positive cervix - Picture

१. VIA परीक्षण गर्दा पाठेघरको मुखमा सेता टाटाहरु देखिएमा VIA positive भनिन्छ। तर सेता टाटाहरु देखिनु नै क्यान्सर होइन। यसलाई समयमा नै उपचार गरेमा पूर्णतया निको पार्न सकिन्छ।
२. VIA Positive देखिएमा Cryotherapy / Thermocoagulation विधिबाट यसको उपचार गरिन्छ। यी उपचारहरुबाट पाठेघरको मुखमा भएका सेता टाटाहरु हटाइन्छ।
३. उपचारपछि यौन अङ्ग सधैं सफा र सुख्खा राख्नु पर्दछ।
४. उपचार गरेपछि ४ हप्तासम्म यौन सम्पर्क राख्नु हुँदैन।
५. उपचारपछि १ महिनामा र ३ महिनामा follow-up र १ वर्षपछि पुनः VIA परीक्षण गराउन स्वास्थ्य संस्था आउनुपर्छ।
६. VIA Positive देखिएपछि उपचार नगरेमा पाठेघरको मुखको क्यान्सर हुन सक्छ।

५

पाठेघरको मुखको क्यान्सरबाट बच्ने

- एच.पी.भी. विरुद्धको खोप लगाउने
- नियमित रुपमा पाठेघरको मुखको परीक्षण गराउने
- महिनावारी स्वास्थ्य र सरसफाईमा ध्यान दिने
- २० वर्ष उमेर पूरा भएपछि मात्र विवाह गर्ने र बच्चा जन्माउने
- सुरक्षित यौनसम्पर्क राख्ने
- धेरै जनासँग यौनसम्पर्क नराख्ने
- धुम्रपान/मद्यपान नगर्ने
- पाठेघर/यौन सम्बन्धी कुनै समस्या देखापरेमा समयमै उपचार गराउने।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा

निक्षेप रकम उपर हक दावी गर्न आउने ३५ दिने सूचना

जगनिधि बरालको नातिनी, खड्ग बहादुर बरालको छोरी १ नं. प्रदेश इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ०६ बस्ने डम्बर कुमारी पराजुलीले यस इलाम शाखामा खाता नं. २१११५२४३४०१९०१ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०-१२-१४ मा निज खातावाला डम्बर कुमारी पराजुलीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउा भनी निज मृतकको छोरी नाता पर्ने विष्णु पराजुलीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक डम्बर कुमारी पराजुलीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर :- ०२७-५२१७२४
फ्याक्स:- ०२७-५२१७३१

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन्।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
घरबाट कहीँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।